बैठक नं.९२

आज मिति २०७८/०९/१४ गतेका दिन बुटवल उपमहानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : विहान ८:०० बजे ।
स्थान : नगर कार्यपालिकाको भवन ।

## उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | |
| २ | गुमा देवी आचार्य | उपप्रमुख | |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ४ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ५ | टंक प्रसाद पराजुली | सदस्य | |
| ६ | तेज बहादुर सुनार | सदस्य | |
| ७ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ८ | कमल प्रताप थापा | सदस्य | |
| ९ | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| १० | बिष्णु बहादुर थापा | सदस्य | |
| ११ | पदम बहादुर थापा | सदस्य | |
| १२ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १३ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | नारायण प्रसाद पुन | सदस्य | |
| १५ | दधिराम न्यौपाने | सदस्य | |
| १६ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १७ | राम प्रसाद रेग्मी | सदस्य | |
| १८ | सन्त बहादुर राना | सदस्य | |
| १९ | हिम बहादुर खत्री | सदस्य | |
| २० | डिल प्रसाद नेपाली | सदस्य | |
| २१ | रन्जित शेरचन | सदस्य | |
| २२ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २३ | बिमला श्रेष्ठ | सदस्य | |
| २४ | सिता कुमारी थापा | सदस्य | |
| २५ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २६ | विष्णु कुमारी शर्मा | सदस्य | |
| २७ | वीरेन्द्र देव भारती | प्रमुख प्रशासकीय अधिकृत | |

सरस्वती कुँवर, का.वा. वडाध्यक्ष वडा नं.३

सुमित्रा गाहा, का.वा. वडाध्यक्ष वडा नं.१८

**प्रस्ताव नं.९२.१**
**मिति २०७८।०९।०४ मा बसेको नगरकार्यपालिकाको ९१ औं बैठकबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**

**निर्णय नं.९२.१**

- बुटवल उपमहानगरपालिकाको नगरसभाको दशौं अधिवेशन बस्ने निर्णय भई नगरसभाको दशौं अधिवेशनको आजै बस्ने गरी कार्यसूची समेत वितरण भएको ।
- सिङ्गो बुटवल एक विद्यालय अवधारणा कार्यक्रम स्वीकृत भएको ।
- जटिल रोगको अनुदान सहयोग कार्यक्रम संचालन निर्देशिका, २०७८ स्वीकृत गरिएको ।
- विद्यालयमा बालविकास/शिक्षक अनुदान कोटा थप गर्ने गरी निर्णय भएको ।
- "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय भएको ।
- लुम्बिनी बस टर्मिनल शपिङ्ग कम्प्लेक्स भित्रका सटरहरुको बहाल वन्दोवस्तीका लागि पुनः सूचना गर्ने गरी प्रकृया अगाडि बढेको ।
- सम्पत्ति व्यवस्थापनका लागि कार्यपालिका सदस्यको संयोजकत्वमा सम्बन्धित महाशाखा एवं शाखा प्रमुख रहने गरी कार्यदल गठन गरिएको ।
- प्रहरी चौकी रहेको घरको भाडा भुक्तानीका लागि निर्णय भएको ।
- बुटवल उपमहानगरपालिका क्षेत्रभित्रका अव्यवस्थित बसोवासीहरुलाई बसोवास निस्सा प्रदान गर्ने गरी तयार भएको प्रस्ताव टेवुल भएको ।
- दुर्घटना भई क्षतिग्रस्त भएको गाडी मरमत गरिएको हुँदा मरमत कार्यमा भएको खर्च भुक्तानी सम्बन्धमा निर्णय गरिएको ।

**प्रस्ताव नं.९२.२**
**प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ मा दोस्रो संशोधंन सम्बन्धमा ।**

**निर्णय नं.९२.२**
बुटवल उपमहानगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ माथि संशोधन गर्न आवश्यक भएको हुँदा आजै दिनको ३:०० बजे बस्ने नगरसभाको दशौं अधिवेशनमा उक्त ऐन संशोधनका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.९२.३**
**बुटवल उपमहानगरपालिकाको भाषा, कला, साहित्य, संस्कृति प्रतिष्ठान स्थापना तथा संचालन गर्न बनेको ऐन, २०७५ माथि संशोधन सम्बन्धमा ।**

**निर्णय नं.९२.३**
बुटवल उपमहानगरपालिकाको भाषा, कला, साहित्य, संस्कृति प्रतिष्ठान स्थापना तथा संचालन गर्न बनेको ऐन, २०७५ माथि संशोधन गर्न आवश्यक भएको हुँदा आजै दिनको ३:०० बस्ने नगरसभाको दशौं अधिवेशनमा उक्त ऐन संशोधनका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९२.४

**वालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**

निर्णय नं.९२.४

बुटवल उपमहानगरपालिकाको वाल अधिकार र वालसंरक्षणको सुनिश्चितता सहित वालमैत्री नगर निर्माण गर्ने नीति बमोजिम वालवालिकाको अधिकार व्यवस्थित गर्ने ऐन, २०७५ (पहिलो संशोधन) २०७७ जारी गरिएको र वालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८ बमोजिम वालमैत्री स्थानीय शासन कार्यक्रमलाई कार्यान्वयनमा ल्याई क्रमश: वालमैत्री वडा घोषणा सहित वालमैत्री नगर घोषणा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९२.५

**बुटवल उपमहानगरपालिकाको नगर सहकारी ऐन, २०७४ मा दोस्रो संशोधन, २०७८ सम्बन्धमा ।**

निर्णय नं.९२.५

बुटवल उपमहानगरपालिकाको नगर सहकारी ऐन, २०७४ मा दोस्रो संशोधन आवश्यक भएको हुँदा आजै दिनको ३:०० बजे बस्ने नगरसभाको दशौं अधिवेशनमा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.९२.६

**समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गतका आयोजना छनौट सम्बन्धमा ।**

निर्णय नं.९२.६

नेपाल सरकार राष्ट्रिय योजना आयोग सिंहदरवार, काठमाण्डौंबाट मिति २०७८।०८।२४ मा प्रकाशित सूचना बमोजिम आगामी आ.व. ०७९/०८० का लागि समपुरक अनुदान तथा विशेष अनुदान अन्तर्गत कार्यान्वयन हुने आयोजना/कार्यक्रमहरुको लागि प्रस्ताव माग भई आएको हुँदा देहायका आयोजनाहरु छनौट गरी पठाउने र उक्त समपुरक योजनाका लागि ५० प्रतिशत म्याचिङ्ग सहभागिताको प्रतिवद्धता समेत जनाउने निर्णय गरियो ।

<u>समपुरक अनुदान</u>

| | |
|---|---|
| १.सम्पदा वस्ती संरक्षण एवं व्यवस्थापन वडा नं.१ | रु.५ करोड |
| २.कालिकापथ स्मार्ट लाइट जडान | रु.३ करोड |
| ३.लक्ष्मीनगर र ज्योतिनगर पाखापानी समेत चुरेसंरक्षण एवं पहिरो नियन्त्रण (वडा नं.१,२,३,४ र १३) | रु.१७ करोड |
| **जम्मा** | रु.२५ करोड |

<u>विशेष अनुदान</u>

| | |
|---|---|
| १.तिनाउँ दानव करिडोर तथा जोखिम बस्ती स्थानान्तरणका लागि बसोवास व्यवस्थापन (आवास निर्माण) | रु.१० करोड |

**प्रस्ताव नं.९२.७**
**कार्यक्रम कार्यान्वयन सम्बन्धमा ।**
**निर्णय नं.९२.७**
संघीय सरकारबाट हस्तान्तरित कार्यक्रम (सशर्त अनुदान) अनुसार यस उपमहानगरपालिकाको चालु आ.व. ०७८/०७९ का लागि स्वीकृत बार्षिक बजेट, नीति तथा कार्यक्रम पुस्तिकाको सि.नं.१२६८ मा तिनाउ नदी दीप प्रज्वलन, जलपर्यटन पूर्वाधार निर्माण (वडा नं.१,२ र ५), शीर्षकमा बजेट स्वीकृत भएकोमा उक्त कार्यक्रम अन्तर्गत चालु आ.व.मा दीप प्रज्वलन, जल पर्यटन पूर्वाधारका लागि कार्यक्रम स्वीकृत भएको भए तापनि सरोकारवाला निकायका विज्ञहरुसँग परामर्श लिई उक्त स्वीकृत बजेटबाट वडा नं.१ अन्तर्गत जितगढी किल्ला संरक्षण सहित तिनाउ नदीमा जल पर्यटन पूर्वाधार निर्माण गर्ने गरी दिप प्रज्वलन कार्यान्वयन प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।